**धेलेखोला खानेपानी तथा सरसफाई योजना, छाँयानाथ रारा-०६,कोटिला,मुगु**

**लुम्स खानेपानी तथा सरसफाई योजना, छाँयानाथ रारा-१२,लुम्स,मुगु**

**संयुक्त खरिद सिमिति**

## शिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८३/०३/२९**

छाँयानाथ रारा नगरपालिका/जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना, मुगु जिल्ला अन्तरगत छाँयानाथ रारा नगरपालिकामा सञ्चालित तपसिलका खानेपानी तथा सरसफाइ योजनाहरूका लागि परियोजनाको सामुदायिक खरिद कार्यविधि २०८२ बमोजिम योजना निर्माणमा प्रयोग हुने निर्माण सामग्री पाइप, फिटीङ्गस् तथा औजारहरू खरिद गर्नुपर्ने भएकोले दरभाउ पत्र साथ संलग्न परिमाण, र उपलव्ध गराइएको स्पेशीफिकेशन वमोजिमको तौल र गुणस्तरका सामानहरू निम्न शर्तहरूको अधिनमा रही सप्लाई गर्न इच्छुक मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्म वा सप्लायरबाट शिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ ।

**शर्तहरुः**

| **क्र.स.** | **योजनाको नाम** | **सिलबन्दी दरभाउपत्र खरिद दस्तुर (फिर्ता नहुने)** | **ढुवानी गर्नु पर्ने स्थान** |
|---|---|---|---|
| १ | धेलेखोला खानेपानी तथा सरसफाइ योजना, छाँयानाथ रारा-०६, कोटिला | ३००० (अक्षरुपी तीन हजार मात्र) | छायाँनाथ रारा-०२, गमगढी |
| | लुम्स खानेपानी तथा सरसफाइ योजना, छाँयानाथ रारा-१२, लुम्स | | |

१) विभिन्न आवश्यक निर्माण सामग्री, पाइप, फिटीङ्गस् तथा औजार सप्लाई सम्बन्धी दरभाउपत्र फारम तथा गुणस्तर/स्पेसिफिकेशन छाँयानाथ रारा नगरपालिकाको कार्यालयका साथै नगरपालिका र जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजनाको निम्न वेबपेजबाट प्राप्त गर्न सकिने छ । छाँयानाथ रारा नगरपालिकाको वेबसाईटः www.chhayanathraramun.gov.np र जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजनाको वेबसाईटः www.laccp.org.np

२) दरभाउपत्र पेश गर्दा दरभाउ पत्र पेश गरिसक्नु पर्ने मिति पुर्व माथि तोकिएको दस्तुर छाँयानाथ रारा नगरपालिकाको राष्ट्रीय बाणिज्य बैंक लिमिटेड, गमगढी शाखामा रहेको आन्तरिक राजस्व खाता नं. **४०६०१००३०१०१०००२** मा जम्मा गरेको सक्कलै भौचर सहित वा LLRP बाट जारी भएको रसिद सहित फर्म/सप्लायर्सको लिखित निवेदनको साथमा मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्र, अद्यावधिक कर चुक्ताको प्रमाणपत्र संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले ८ औं (आठौं) दिनको दिउसो १२:०० बजे भित्र छाँयानाथ रारा नगरपालिकाको कार्यालय र जलवायु परिवर्तन स्थानिय अनुकूलन परियोजना, परियोजना सहयोग एकाई वीरेन्द्रनगर सुर्खेतमा पेश गरि सक्नु पर्नेछ। दरभाउपत्र फाराम शिलबन्दी गरी सम्बन्धित समुहगत उपभोक्ता समितिको नाम, ठेगाना र निर्माण सामग्रीहरू, पाइप तथा

Scanned with CamScanner

फिटीङ्गस् तथा औजार सप्लाई सम्बन्धी दरभाउपत्र भन्ने व्यहोरा उल्लेख गर्नुपर्नेछ। यदि कुनै सप्लायर्स वा फर्मले शिलबन्दी दरभाउ पत्र पेश गर्दा बैंक दाखिलाको सक्कल भौचर वा LLRP मा भुक्तानी गरेको रसिद पेश नगरेमा सो सप्लायर्स वा फर्मको दरभाउ पत्र मुल्यांकन गरिने छैन ।

३) शिलवन्दी दरभाउ पत्र पेश गर्दा सप्लायर्सको आधिकारिक प्रतिनिधि आफै उपस्थित भई वा हुलाक वा कुरियर मार्फत समेत पेश गर्न सक्नेछ । हुलाक वा कुरियर मार्फत पठाएको शिलवन्दी दरभाउपत्र सूचना प्रकाशित भएको मितिले ८ औं (आठौं) दिनको दिउँसो १२:०० वजे भित्र प्राप्त भईसक्नु पर्नेछ ।

४) सप्लाई हुने सामग्रीहरूको भुक्तानी उपभोक्ता समितिहरूको गोदाममा ढुवानी भई चेकजाँच भएपछि मात्र गर्नेछन् ।

५) उपरोक्त अनुसार प्राप्त भएका दरभाउपत्रहरू संकलन गरी २०८३ साउन ७ गते दिउँसो १२: ०० बजे छाँयानाथ रारा नगरपालिकाको कार्यालय गमगढी मुगुमा उपभोक्ता समितिका खरिद समिति प्रतिनिधिहरू, नगरपालिका कार्यालयका प्रतिनिधिहरू, जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना प्रतिनिधिहरू र दरभाउपत्रदाताहरू वा निजहरूको प्रतिनिधिको रोहवरमा खोलिनेछन्। दरभाउपत्रदाताको प्रतिनिधि उपस्थित नभएमा दरभाउपत्र खोल्न बाधा पुग्ने छैन ।

६) दरभाउपत्र दर्ता गर्ने तथा खोल्ने अन्तिम दिनमा सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन तोकिएको समय भित्र दर्ता गरिने वा खोलिनेछ ।

७) दरभाउपत्रमा दररेट लेख्दा अंक र अक्षरमा स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता दिइनेछ । अंक र अक्षरमा केरमेट भएकोमा दस्तखत र छाप लगाएको हुनु पर्नेछ ।

८) म्याद नाघी वा रीत नपुगी आएको दरभाउपत्र उपर कुनै कारबाही हुने छैन ।

९) दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार उपभोक्ता समितिहरूमा सुरक्षित रहनेछ ।

१०) अन्य शर्तहरू लक परियोजनाको सामुदायिक खरिद कार्यविधि २०८२ वमोजिम हुनेछ । थप शर्तहरू दरभाउपत्र साथै संलग्न गरिएको छ ।

११) यो सूचनामा केहि संशोधन गर्नु परेमा सो को सूचना नगरपालिकाको सूचना पाटी तथा गाउँपालिका र जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजनाको वेबपेजबाट जानकारि गराईनेछ ।

१२) अन्य थप जानकारी चाहिएमा छाँयानाथ रारा नगरपालिका र जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना, परियोजना सहयोग एकाइ वीरेन्द्रनगर सुर्खेतमा सम्पर्क (९८५८३६६१२७/९८५११९८८२४, ०८३-५९०४६८) गर्न सकिनेछ ।

**संयुक्त खरिद समिति**